# मानव बेचबिखनविरुद्धको अभियानमा एटविनको एक दशक

२००६

# मानव बेचबिखनविरुद्धको अधिकारमूखि अभियानमा एटविनको एक दशक

## १. एटविनको पृष्ठभूमि र स्थापना

एटविन स्थापनाको पृष्ठभूमिलाई हेर्दा सन् १९९६ मा मुम्बैका कोठीहरूबाट उद्धार गरिएका नेपाली चेलीबेटीहरूलाई नेपाल ल्याउने क्रममा सामाजिक संघसंस्थाहरूले भोग्नुपरेका समस्या र जटिलताको परिस्थितिलाई बिर्सन मिल्दैन । बहुचर्चित यस घटनामा तत्कालीन सरकारले कुनै किसिमको चासो नदेखाउनु र एड्स भित्रिदैछ भन्ने चर्चाले थप विषमता थपिदियो । अनेकौ चुनौतीहरूको सामना गर्दै उद्धार गरिएका चेलीबेटीहरूलाई केही सामाजिक संघसंस्थाहरूको संयुक्त अगुवाईमा नेपाल फर्काइयो र उनीहरूको सामाजिकीकरण र पुनर्स्थापना सम्पन्न गरियो ।



यस घटनाबाट मानव बेचबिखन जस्तो विश्वव्यापी समस्यासँग जुझ्न कुनै एउटा संस्थाको प्रयास मात्रले सम्भव नहुने र मानव बेचबिखनको क्षेत्रमा अधिकारवादी दृष्टिकोणले कार्य गर्ने संस्थाहरूको साझा सञ्जालको टड्कारो आवस्यकता महसुस भयो । यहि कुरालाई मनन गर्दै महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (एटविन) को स्थापना ६ जुन सन् १९९७ मा भयो । यस सहकर्मी समूहको स्थापनाको तयारीका क्रममा सम्बन्धित संघसंस्थाहरूबीच व्यापक छलफल, अध्ययन र अन्तरक्रियाहरू सम्पन्न गरिएका थिए । एटविनको स्थापना महिला तथा बालबालिका बेचबिखनविरुद्धको आन्दोलनमा संलग्न सबै व्यक्तिहरू र सामाजिक संघसंस्थाहरूका निम्ति ज्यादै महत्वपूर्ण घटना थियो ।

## २. परिचय

महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह (एटविन) मानव बेचबिखन विरुद्ध अधिकारमूखि दृष्टिकोणबाट कार्यरत एउटा राष्ट्रिय स्तरको साझा सञ्जाल हो । स्थापनाकालमा केही मानवअधिकार, बालअधिकार र महिला अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरू मात्र रहेको यो सञ्जालका हाल नेपालका २१ वटा सामाजिक संघ संस्थाहरू सदस्यका रूपमा रहेका छन् । एक दशकको अवधिमा एटविनले अधिकारवादी दृष्टिकोणले मानव बेचबिखन विरुद्ध संचालन गरेका विभिन्न महत्वपूर्ण अभियानका कारण यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान बनाइसकेको छ । संस्थागत विकासका क्रममा एटविन जिप्रका काठमाडौंमा विधिवत दर्ता भइ समाज कल्याण परिषद्मा आबद्ध भएको छ ।

## ३. एटविनका उद्देश्यहरू

- महिला तथा बालबालिकाको बेचबिखनविरुद्ध अधिकारमूखी दृष्टिकोण सहित सामाजिक चेतनाका निम्ति कार्य गर्ने ।

- भएका नीति नियम एवं कानुनहरूको कार्यान्वयन एवं आवश्यकता अनुसार तिनीहरूको परिमार्जनका निमित्त सम्बन्धित निकायलाई सघाउ पुऱ्याउने तथा दबाव सृजना गर्ने ।
- महिला तथा बालबालिका बेचबिखनको सवालमा अवधारणागत स्पष्टता ल्याउने ।
- बेचबिखनविरूद्ध सञ्जाल विस्तार गर्ने, आवश्यकताअनुसार सुझाव तथा दबाव दिने, जन वकालत र पैरवी गर्ने ।
- महिला तथा बालबालिका बेचबिखनको मुद्दालाई जनस्तरदेखि नीति निर्माण तहसम्म र आवश्यकताअनुसार अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउने ।

## ४. एटविनका विश्वास र मान्यताहरू

- कुनै पनि व्यक्तिलाई ललाइ-फकाइ, डराइ-धम्काइ, बल प्रयोग गरी, बँधुवा बनाई वा आफ्नै हैकमको प्रयोग गरी यौनशोषण वा अन्य जुनसुकै प्रयोजनका निम्ति भएता पनि एक ठाउँबाट अर्को ठाउँमा लानु बेचबिखन हो ।
- विद्यमान सामाजिक आर्थिक असमानता, सामान्ति र पुरातनवादी सामाजिक संरचना, राजनैतिक प्रतिबद्धताको अभाव, कानुनहरुको कार्यान्वयन तहमा रहेको कमजोरी, अपुग कानुनी संरचना र भारतसँगको खुला सीमा नीति नै बेचबिखनका जिम्मेवार कारक तत्वहरु हुन् ।
- महिला तथा बालबालिकाको बेचबिखनको सवाल एउटा छुट्टै सवाल नभई हाम्रो देशको राष्ट्रिय र सामाजिक वास्तविकतासँग नजिकबाट गाँसिएको सवाल हो ।
- महिला तथा बालबालिकाहरूको बेचबिखन आधारभूत मानव अधिकारको उल्लघन हो । विद्यमान शोषणमूलक र विभेदपूर्ण सामाजिक स्थितिको अन्त्यबाट मात्र बेचबिखनको अन्त्य हुन सक्तछ ।

## ५. एटविनले एक दशकमा गरेका महत्वपूर्ण गतिविधिहरू

एटविनले स्थापनाकाल देखि हालसम्म गरेका महत्वपूर्ण गतिविधिहरू यसप्रकार रहेका छन् ।

### १९९७

- एटविनको औपचारिक स्थापना ६ जुन, १९९७ मा ।
- एटविनको प्रथम संयोजक महिला पुनर्स्थापना केन्द्र (ओरेक) ।
- प्रत्येक वर्ष सचिवालय सदस्य संस्थाहरु मध्येमा परिवर्तन हुने निर्णय ।
- कालो पहिरनमा महिला अभियानको सुरुवात ।
- बेचबिखनको तत्कालीन घटनालाई आधार बनाएर पत्रकार सम्मेलन ।

### १९९८

- बेचबिखनविरुद्ध अवधारणागत स्पष्टताका लागि उच्चतहमा राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा विशेषत: सार्क राष्ट्राध्यक्षहरुलाई पत्राचार ।



- कालो पहिरनमा महिला अभियानले निरन्तरता र विभिन्न जिल्लाहरुमा विस्तार ।
- एटविन र शक्ति समूहको संयुक्त पहलमा पोष्टर प्रकाशन ।
- सार्क सन्धिका लागि लवीइङ्ग ।

## १९९९

- एटविनको संयोजकमा सिविन-नेपाल छनौट ।
- कालो पहिरनमा पुरुषहरुको सहभागिता र यसलाई कालो पहिरनमा नागरिक भन्ने नामाकरण ।
- कालो पहिरनबाट जनमानसमा परेको प्रभाव अध्ययन गर्न प्रश्नावली वितरण गरी सर्वेक्षण ।
- विभिन्नस्तरमा धारणागत स्पष्टताकालागि गोष्ठीहरू सम्पन्न ।
- बेचबिखन सम्बन्धी सार्क महासन्धि सम्बन्धमा राष्ट्रिय कार्यशाला सम्पन्न । यसबाट प्राप्त सुझाव सार्क सचिवालय र सम्बन्धित मन्त्रालयमा पेश ।
- डिसेम्बर २५, महिलाविरुद्ध हुने हिंसाविरुद्धको दिवस (Violence Against Women Day) का उपलक्ष्यमा "**पारिवारिकहिंसा र पीडित पक्षहरू**" विषयक अन्तक्रिया सम्पन्न ।
- सार्क देशका सरकार एवं राष्ट्र प्रमुखहरूलाई मानव बेचबिखनविरुद्ध लाग्नका लागि प्रेरित एवं दबाव सिर्जना गर्न पत्र लेखन कार्यक्रम ।

## २०००

- हरेक वर्ष सचिवालय परिवर्तन गर्ने परिपाटीमा परिवर्तन गरी दुईवर्षसम्म एउटै संस्थामा सचिवालय रहने व्यवस्था ।
- कालो पहिरनमा नागरिक प्रत्येक महिनाको सट्टा प्रत्येक २ महिनामा गर्ने निर्णय ।

- एटविनको स्थापना कालमा कुनै पनि प्रस्ताव मार्फत छुट्टै आर्थिक अनुदान नलिने भन्ने सोच रहेकोमा सन् २००० देखि आर्थिक अनुदान सम्बन्धमा सोच परिवर्तन गरी धारणा मिल्ने संस्थासँग अभियान र सचिवालयका लागि मात्र अनुदान लिने निर्णय ।
- एटविनको प्रकाशन “**ओसारपसार**” अर्धवार्षिक रूपमा प्रकाशन आरम्भ ।
- एटविनको संयोजकत्वमा काठमाडौंमा दोश्रो सार्क पिपुल्स फोरम सम्पन्न ।

## २००१

- क्षेत्रीय सार्क सम्मेलनमा चेलीबेटी बेचबिखन सम्बन्धी विधेयकबारे छलफल गरी सम्बन्धित निकायमा पेश ।
- एटविनको संयोजकमा महिला आत्मनिर्भरता केन्द्र सिन्धुपाल्चोक छनौट ।
- एटविन सचिवालय सदस्य संस्थामा नरही स्वतन्त्र रूपमा स्थापना ।
- अवधारणागत स्पष्टताका लागि विभिन्न तहमा गोष्ठीहरू सम्पन्न ।
- सार्क पिपुल्स फोरमको फलोअप बैठक काठमाडौंमा सम्पन्न ।
- सन् २००२ मा सम्पन्न हुन गै रहेको सार्क सन्धिमा समावेश गर्न लागिएको चेलिबेटी बेचबिखनविरुद्धको सवाललाई मानव अधिकारवादी दृष्टिकोणवाट परिमार्जन गरी हस्ताक्षरका लागि लविङ्ग र वकालत ।
- पत्रकार सम्मेलन र सार्क राष्ट्रका सरकार प्रमुखहरूलाई पत्राचार ।

## २००२

- अवधारणागत स्पष्टताका लागि विभिन्न तहमा गोष्ठीहरू सम्पन्न ।
- जीउ मास्ने बेच्ने ऐन सम्बन्धमा लविङ्ग तथा सूचना संकलन ।

- जीउ मास्ने बेच्ने प्रस्तावित ऐन सम्बन्धमा सांसदहरूसँग लविङ्ग र वकालत ।

## २००३

- एटवनिको ५ वर्षको मूल्यांकन, वार्षिक समीक्षा र कार्ययोजनाको लागि सुझाव संकलन ।
- एटविनको संयोजकमा इन्सेक छनौट ।
- अवधारणागत स्पष्टताका लागि विभिन्न तहमा गोष्ठीहरू सम्पन्न ।
- बंगलादेशमा भएको महिला बेचबिखन तथा एचआइभि एड्स सम्बन्धी सार्वजनिक सुनवाइमा सहआयोजक ।
- पत्रकार सम्मेलनहरू सम्पन्न ।
- "**ओसारपसार**" प्रकाशन ।
- दोस्रो जनसार्कको प्रतिवेदन प्रकाशिन ।
- महिला अदालत, तथाकथित बोक्सी र सार्क सम्मेलनका सम्बन्धमा एटविनको धारणा स्पष्ट गर्न प्रेश विज्ञप्ति जारी ।



- “**महिला तथा बालबालिका बेचबिखन : राष्ट्रसंघीय ऐच्छिक प्रलेखको सान्दर्भकता**” बिषयक राष्ट्रिय छलफल ।

## २००४

- “हामी सक्छौं महिलाविरुद्ध हुने सबै हिंसाहरूको अन्त्य गर्न” अभियानका सन्दर्भमा महिला अदालत सम्पन्न ।
- स्रोत केन्द्रको स्थापना र कर्मचारीहरूको व्यवस्था ।
- एटविनको विधिवत दर्ता गरी सरकारी मान्यता प्राप्त ।
- एटविन वेवसाइटको स्थापना ।
- “**ओसारपसार**” प्रकाशन ।
- अवधारणागत स्पष्टताका लागि विभिन्न तहमा गोष्ठीहरू सम्पन्न ।
- महिला अदालतको सन्दर्भमा जिल्लास्तरीय गोष्ठीहरू सम्पन्न ।

## २००५

- एटविन संयोजकमा नारी सीप सृर्जना केन्द्र (WOSCC) छनौट ।
- “**महिला तथा बालबालिका बेचबिखनमा नयाा आयामहरू**” बिषयक क्षेत्रीय कार्यशालाहरू सम्पन्न ।
- “मानव बेचबिखनमा अधिकारमुखी अवधारणा” बिषयक जिल्ला स्तरीय गोष्ठीहरू सम्पन्न ।
- १६ दिने अभियान (२५ नोभेम्वर देखि १० डिसेम्वर) का क्रममा महिला हिंसा विरुद्धमा हस्ताक्षर संकलन ।
- ओसारपसार, पोष्टर, ब्रोसर (नेपाली र अंग्रेजी) र भित्तेपात्रो प्रकाशन ।
- चेलिबेटी बेचबिखनविरुद्धमा सन्देशमूलक रेडियोकार्यक्रम (PSA) उत्पादन र १६ वटा एफएमबाट विभिन्न दिवसपारी प्रसारण ।
- रेडियो सगरमाथाको सहअस्तित्व कार्यक्रममा सहकार्य ।

- इक्यूल एक्ससलाई सूचना सामग्रीहरू उपलब्ध गराए बापत आर्थिक संकलन ।
- एटविन सदस्य संस्थाको विस्तार ।
- दशैं र नयाँ वर्षका उपलक्ष्यमा शुभकामना आदान प्रदान र चेतनामूलक तीज कार्यक्रम सम्पन्न ।
- एटविनको नवीकरण, प्यानमा दर्ता र नम्बर प्राप्त ।
- बंगलादेशमा सम्पन्न चौथो जनसार्कमा सहभागिता ।
- श्रीलंकामा सम्पन्न महिला हिंसा अन्त्य गर्न हामी सक्छौं अभियानको दक्षिण एशियाली सम्मेलनमा सहभागिता ।
- "**ओसारपसार**" प्रकाशन ।

## सन् २००६

- जन आन्दोलन भाग २ लाई ऐक्यबद्धता र सहयोग ।
- "**नेपाली महिला र नागरिकता समस्या : महिलाको जीवनमा परेका सामाजिक-लैंगिक असरहरूको एक अध्ययन**" बिषयक अनुसन्धान सम्पन्न तथा **पहिचानको खोजी**मा नामक अनुसन्धान प्रतिवेदन प्रकाशित र सार्वजनिक ।
- जन आन्दोलन भाग २ को सफलता पछाडि कालो पहिरनमा नागरिक कार्यक्रमको निरन्तरता ।
- महिला हिंसाविरुद्धमा विभिन्न सरोकारवालाहरूसँग क्षेत्रीय स्तरमा अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- दशैं र नयाँ वर्षका उपलक्ष्यमा शुभकामना आदान प्रदान र चेतनामूलक तीज कार्यक्रम सम्पन्न ।
- दोस्रो वार्षिक साधारण सभा र एटविनका पूर्व संयोजकहरूलाई सम्मान-पत्र प्रदान ।

- “**बदलिादो परिस्थितिमा मानव बेचविखनविरुद्ध अपनाउन सकिने उपायहरु**” बिषयक राष्ट्रिय कार्यशाला गोष्ठी एटविन, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र ओरेकको संयुक्त आयोजनामा राष्ट्रिय कार्यदलका पदाधिकारीहरूको सहभागितामा सम्पन्न ।
- “**हालको बदलिादो राजनैतिक परिवेशमा मानव बेचबिखन/ओसारपसार रोकथामको लागि राज्यको दायित्व**” विषयक राष्ट्रिय परामर्श गोष्ठी एटविन, ओरेक, स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र एटविनको संयुक्त आयोजनामा जिल्ला कार्यदलहरूका पदाधिकारीहरूको सहभागितामा सम्पन्न ।
- महिला हिंसाविरुद्ध क्षेत्रीय गोष्ठीहरु सम्पन्न ।
- क्षेत्रीय तथा जिल्ला सञ्जालहरु विस्तार ।
- मानव बेचबिखनविरुद्धको आभियानमा एटविनको “**एक दशक**” नामक पुस्तिका प्रकाशन ।
- एटविनको दश वर्षको समिक्षा र पाँच वर्षे रणनीतिक बैठक ।



## एटविनका सदस्य संस्थाहरू

१. **अनौपचारिक शिक्षा सेवा केन्द्र (इन्सेक)**
टेलिफोन नं. : ४२४०७०९
फयाक्स नं. : ४२७०५५१
ईमेल : insec@wlink.com.np
वेभ : www.insec.org.np, www.inseconline.org
पोष्ट व. नं. : २७२६

२. **ग्रामीण पुर्ननिमार्ण संस्था (आर .आर . एन)**
टेलिफोन नं. : ४४१५४१८, ४४८६१७७
फयाक्स नं. : ४४१८२९६
ईमेल : rrn@rrn.org.np
वेभ : www.rrn.org.np
पोष्ट व. नं. : ८१३०

३. **नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन)**
टेलिफोन नं. : ४२८२२५५, ४३१०००२
फयाक्स नं. : ४२७८०१६
ईमेल : cwin@mos.com.np
वेभ : www.cwin.org.np
पोष्ट व. नं. : ४३७४

४. **महिला पुर्नस्थापना केन्द्र (ओरेक)**
टेलिफोन नं. : २१२३१२४, २१२३१३६
फयाक्स नं. : ५५४४५७४
ईमेल : worec@wlink.com.np
वेभ : www.worecnepal.org
पोष्ट व. नं. : १३२३३

**५. समाज सेवा तथा मानवअधिकारमा महिला तथा बालबालिका (सिविस)**

टेलिफोन नं. : ४४७४६४५, २०६१२१९
फयाक्स नं. : ४४७४६४५, ४४७९९६५
ईमेल : cwish@wlink.com.np
वेभ : www.cwish.org.np
पोष्ट व. नं. : २१४३३

**६. यातनापीडित सरोकार केन्द्र (सिभिक्ट)**

टेलिफोन नं. : ४३७३९०२, ४३७३४८६
फयाक्स नं. : ४३७३०२०
ईमेल : cvict@cvict.org.np
वेभ : www.cvivt.org.np
पोष्ट व.नं. : ५८३९

**७. परिवर्तनका लागि कार्यरत महिलाहरु (वाच)**

टेलिफोन नं. : ४४९२६४४, ४४९०७६५
फयाक्स नं. : ४४९४६५३
ईमेल : watchftp@wlink.com.np
वेभ : www.watch.org.np
पोष्ट व. नं. : ११३२१

**८. महिला विकास स्वरोजगार प्रक्षिशण केन्द्र**

टेलिफोन नं. : ४२५२०१४, ९८५१०४७६२५
फयाक्स नं. : ४४१५८८६
ईमेल : wdsetc@wlink.com.np
पोष्ट व. नं. : २४५३

**९. महिला आत्म निर्भरता केन्द्र (मान्क)**

टेलिफोन नं. : ०१-६२२२०९६
ईमेल : mank@hons.com.np
पोष्ट व. नं. : २१०८०

**१०. एशियन ओमन ह्युमन राईट काउन्सील (ए .डब्लु.एच.आर.सी)**

टेलिफोन नं. : ५५३६०७५
ईमेल : nepalawhrc@yahoo.com
पोष्ट व. नं. : १२७७१

**११. इन्हुरेड ईन्टरन्यासनल**

टेलिफोन नं. : ५५३१८९६
फयाक्स नं. : ५५४७६१६
ईमेल : gopalnepal@mail.com
पोष्ट व. नं. : ५४४६

**१२. महिला हित समाज**

टेलिफोन नं. : ४४९९९५२, २०७२२०३०
ईमेल : anwa@hons.com.np
पोष्ट व. नं. : ८३३७

**१३. शक्ति समुह**

टेलिफोन नं. : ४४९४८१५
ईमेल : shakti@samuha.wlink.com.np
वेभ : www.shaktisamuha.org
पोष्ट व. नं. : १९४८८

**१४. नवज्योति केन्द्र**

टेलिफोन नं. : ४४१९९६५
ईमेल : navajyoti@nvj.wlink.com.np
पोष्ट ब. नं. : ३६७५

**१५. नारी सीप सृजना केन्द्र (ओस)**

टेलिफोन नं. : ०५७-५२५११५, ५२४२२१
ईमेल : woscc@ntc.net.np
हैटौडा-४, मित्रनगर, मकवानपुर

**१६. हिमालयन ह्यूमन राइटस मोनिटर्स (हिमराइट्स)**

टेलिफोन नं. : ५५२००५४
फयाक्स नं. : ५५२००४२
ईमेल : himrights@wlink.com
वेभ : www.himrights.org
पोष्ट ब. नं. : ४६९०

**१७. ग्रामीण महिला सिर्जनशील परिवार**

टेलिफोन नं. : ६२२५४२३
ईमेल : srijansil@gmail.com
लमोसाघु, सिन्धुपालचोक

**१८. महिला एकीकृत विकास केन्द्र**

टेलिफोन नं. : ०५३-५५१०१५ , ५५०२०४
ईमेल : widec@actmail.com.np
बारा

**१९. टेका समुह**

टेलिफोन नं. : ४४३१५६७
ईमेल : teka@wlink.com.np
वेभ : www.tekasamuhanepal.org
पोष्ट ब. नं. : ७७२५

**२०. जागरण नेपाल**

टेलिफोन नं. : ४२१९४३९
फयाक्स : ४२४७२९७
ईमेल : info@jagarannepal.org
वेभ : www.jagarannepal.org
पोष्ट व. नं. : १९४८७

**२१. मकवानपुर महिला समूह**

टेलिफोन नं. : ०५७-५२२८१४
हैटोडा, मकवानपुर

## एटविन सचिवालय संचालन गरेका संस्थाहरू

| | |
|---|---|
| १ महिला पुनस्थापना केन्द्र (ओरेक) | सन् १९९७-१९९८ सम्म |
| २ नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन) | सन् १९९९-२००० सम्म |
| ३ महिला आत्म निर्भर केन्द्र (मान्क) | सन् २००१-२००२ सम्म |
| ४ अनौपचरिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | सन् २००३-२००४ सम्म |
| ५ नारी सीप सिर्जना केन्द्र (ओस) | सन् २००५-२००७ जनवरी |

थप जानकारीका लागि

**एटविन**

पो.ब. १००८६, सचिवालय, बिजुलीबजार, काठमाडौं
फोन फ्याक्स नं. ४२४०७०९, ४२२९७८७
इमेल : aatwin@wlink.com.np
वेभसाइट : www.aatwin.org